SRIJANA
FINANCE LTD. सिर्जना फाईनान्स लिमिटेड
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था
को

कलेज रोड, वडा नं. ९, बिराटनगर, नेपाल ।
फोन नं. ०२१-५२७५१०/५२५९५३
फ्याक्स नं. ०२१-५२७५४२
वेभसाइटः www.srijanafinance.com
इमेलः info@srijanafinance.com

# हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्ला सम्बन्धी सूचना

यस कम्पनीको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा श्री सिर्जना फाइनान्स लिमिटेडको मिति २०७६/०६/०५ गतेसम्म तत्कालकायम शेयरधनीहरुको लागि दश शेयर बराबर छ शेयर (१० : ६) को अनुपातमा रु.१००/– अंकित दरको २७,६४,६९२ कित्ता हकप्रद साधारण शेयर **मिति २०७६/०६/१७ गतेका दिनदेखि २०७६/०७/२१ गतेसम्म**का लागि बिक्री खुल्ला गरिएको व्यहोरा जानकारी गराइन्छ । यस हकप्रद शेयर निष्काशन सम्बन्धमा मिति २०७६ भाद्र ३० गतेको "**आर्थिक अभियान**" राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको हुँदा उक्त सूचना हेर्नुहुन समेत अनुरोध गरिन्छ ।

**१) हकप्रद साधारण शेयर खरिद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :**

(क) हकप्रद शेयरको लागि दरखास्त दिंदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफुले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली बैंकले तोकिएको दरखास्त फाराम भरी दरखास्त दिनु पर्नेछ ।

(ख) यदि कायम शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर रहेमा पनि एउटै आवेदन फाराम भरी दरखास्त दिन सक्नेछ ।

(ग) हकप्रद शेयर खरिद गर्नका लागि तत्काल कायम शेयरधनीहरुले मात्र शेयर खरिद गर्न दरखास्त दिन सकिने छ ।

(घ) दरखास्त फाराममा आवेदकको पूरा नाम (नेपाली तथा अंग्रेजी दुवैमा) पूर्ण रुपले भर्नु पर्नेछ ।

(ङ) हकप्रद शेयरका लागि दरखास्त दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु. १००/- का दरले हुने एकमुष्ट रकम दरखास्त फाराममा तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी दरखास्त दिनु पर्नेछ ।

(च) संयुक्त नाममा रहेका तत्काल कायम शेयरधनीहरुले दरखास्त दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

(छ) हकप्रद शेयर बाँडफाँड गर्दा जुन समुहको शेयरधनी हो सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँड गरी वितरण गरिनेछ ।

(ज) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि दरखास्त पेश नगर्ने तथा दरखास्त साथ शेयर वापतको रकम दाखिला नगर्ने तत्काल कायम शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

(झ) डिम्याट खाता भएका शेयरधनीले आफ्नो डिम्याट खाता नम्बर (१६ अंकको Beneficiary Owner ID नम्बर) र डिम्याट खाता रहेको बैंक/संस्थाको नाम स्पष्ट रुपमा हकप्रद शेयरको दरखास्त फाराममा उल्लेख गर्नु पर्नेछ । हकप्रद शेयर बाँडफाँड पश्चात् बाँडफाँडमा परेको शेयर निवेदक शेयरधनीले उल्लेख गरेको डिम्याट खातामा जम्मा गरिदिईनेछ ।

(ञ) नगद लाभाँश वितरण गर्दा नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम शेयरधनीको खातामा नै लाभाँश रकम जम्मा गरिदिने प्रयोजनको लागि शेयरधनीले आफ्नो बैंक खाता नम्बर र खाता रहेको बैंक/वित्तीय संस्थाको नाम स्पष्ट रुपमा हकप्रद शेयरको दरखास्त फाराममा उल्लेख गर्नु पर्नेछ । भविष्यमा बैंकले नगद लाभाँश दिँदा शेयरधनीले उल्लेख गरेको बैंक/वित्तीय संस्थामा रहेको उल्लेखित खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

(ट) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा यस बैंकको सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

(ठ) आश्वा प्रणाली अन्तर्गतको आवेदन दिँदा भर्नुपर्ने सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

- धितोपत्र निष्कानकर्ता कम्पनीको नाम ।
- आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., सम्पर्क फोन नं., इमेल ठेगाना ।
- नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
- खरिद गर्न चाहेको धितोपत्र संख्या (अंक र अक्षरमा)
- आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

आवेदकहरुले आवेदन दिँदा आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुँदैन ।

**२) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु प्राप्त वा हेर्न सकिने स्थानहरु :**

| क्र.स. | स्थानहरु |
|---|---|
| १. | सन्राइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौं । |
| २. | सिर्जना फाईनान्स लिमिटेड, विराटनगरको केन्द्रीय कार्यालय तथा सम्पूर्ण शाखा कार्यालयहरु । |
| ३. | **सन्राइज बैंक लिमिटेडका शाखा कार्यालयहरुः** बिराटनगर, पोखरा, वीरगंज, बुटवल, नारायणगढ । |
| ४. | सि–आस्बा (C- ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु । |
| ५. | हकप्रद शेयर खरिदका लागि भर्नुपर्ने दरखास्त फाराम तथा शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशन कम्पनी सिर्जना फाईनान्स लि.को वेभसाइटः www.srijanafinance.com र निष्काशन तथा बिक्री प्रबन्धक श्री सन्राइज क्यापिटल लिमिटेड को वेभसाइटः www.sunrisecapital.com.np बाट पनि Download गर्न सकिनेछ । |

उपरोक्त स्थानहरु बाहेक अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले शेयर निष्काशन बन्द हुनु भन्दा अघिको मितिमा सन्राइज क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त सिधै हुलाक वा कुरियरद्वारा सन्राइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौंमा पठाउन सकिनेछ । हकप्रद शेयर बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिने छैन ।

नोटः कम्पनीको संचालक लगायत आधारभूत शेयरधनीहरुबाट ७,२३,२५१ कित्ता हकप्रद शेयरको लागि आवेदन प्राप्त नभएको जानकारी गराइन्छ ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकः**

सन्राइज क्यापिटल लिमिटेड
SUNRISE CAPITAL LTD.
Subsidiary of SUNRISE BANK LIMITED
पो.ब.नं. १२०५५, कमलपोखरी, काठमाडौं ।
फोन नं. ०१-४४२८६६०, फ्याक्सः ०१-४४२८६९८
Email: info@sunrisecapital.com.np
Web: www.sunrisecapital.com.np